स्थानीय राजपत्र

सरुमारानी गाउँपालिकाद्वारा प्रकाशित

**खण्डः ६, संख्याः२, असार २२ गते, २०७९ साल**

**भाग-२**

## सरुमारानी गाउँपालिका

# विपन्न असहाय सहायता कार्यविधि, २०७९

स्वीकृत मितिः २०७९/०३/२१

प्रमाणिकरण मिति २०७९/०३/२२

यस गाउँपालिका क्षेत्रभित्र रहेका तथा गाउँपालिकामा सहयोगका लागि आउने आर्थिक रुपले विपन्न, एकल महिला, जेष्ठ नागरिक, अशंक्त, अपांग, प्राकृतिक तथा गैर प्राकृतिक विपदमा परेकाहरुलाई तत्काल केही राहत उपलब्ध गराउन उक्त कोषलाई व्यवस्थित, प्रभावकारी र मितव्ययी तवरले परिचालन तथा व्यवस्थापन गर्न आवश्यक देखि विपन्न असहाय कोष स्थापना र संचालन गर्न वाञ्छनिय भएकोले यो कार्यविधि बनाई लागु गरिएको छ ।

## परिच्छेद १
## संक्षिप्त नाम र प्रारम्भ

१. संक्षिप्त नाम र प्रारम्भः

(१) यस कार्यविधिको नाम "विपन्न असहाय सहायता कार्यविधि २०७९" रहेको छ ।

२) यो कार्यविधि तत्काल लागु गरिनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क. “कार्यविधि” भन्नाले सरुमारानी गाउँपालिकाको विपन्न असहाय सहायता कार्यविधि २०७९” लाई सम्झनु पर्दछ ।

ख. “कोष” भन्नाले सरुमारानी .गाउँपालिकाको विपन्न आर्थिक सहायता कोष वा गाउँपालिकाले वार्षिक रुपमा विनियोजन गरेको रकमलाई बुझ्नुपर्छ ।

ग. “कार्यपालिका” भन्नाले सरुमारानी गाउँकार्यपालिकालाई बुझ्नुपर्छ ।

घ. “आर्थिक सहायता” भन्नाले भुकम्प, बाढि, पहिरो, आगलागी, महामारी जस्ता प्राकृतिक तथा गैर प्राकृतिक विपद् लगायत मानवीय जिवनमा असर पार्ने विभिन्न घटनाहरुबाट पिडित व्यक्तिहरुको लागि तत्काल गरिने आर्थिक सहायतालाई बुझ्नुपर्छ ।

## परिच्छेद २
## कोषको अवधारणा, लक्ष्य, उद्देश्य र नीति

३. अवधारणा

सरुमारानी गाउँपालिकामा हुने प्राकृतिक तथा मानव सिर्जित विपद्बाट प्रभावित व्यक्ति, परिवार तथा संघ/संस्थालाई तत्काल राहत सहयोग उपलब्ध गराउन, न्यून आर्थिक स्थिति रहेका पीडित तथा रोगी व्यक्तिहरु लगायत अप्रत्याशित घटनामा परि अंगभंग भएकाहरुलाई पहिचान गरि राहत सहयोग पुऱ्याउन यस प्रकारको कोषको स्थापना भएको छ ।

४. लक्ष्य

प्राकृतिक तथा मानव सिर्जित विपद्को प्रकोपमा परेका व्यक्ति, परिवार तथा संघ/संस्थालाई तत्काल राहत सहयोग उपलब्ध गराउन, विपन्न पीडित तथा रोगीहरु, अंगभंग भएकाहरुलाई तत्काल राहत सहयोग पुऱ्याउन र अप्रत्याशित स्थितिमा गरिने कार्यहरु गरि राहत उपलब्ध गराउनुनै कोषको लक्ष्य रहेको छ ।

५. उद्देश्य

१) पिडितहरुलाई तत्काल राहत उपलब्ध गराउने,

२)	आकस्मिक वा अप्रत्याशित कारणबाट सृजना भएको विशेष परिस्थितिमा तत्काल गरिने आकस्मिक कार्य गर्ने,

६. नीति

१)	पिडितहरुलाई तत्काल राहत उपलब्ध गराइ पुनःस्थापना तर्फ उन्मुख गराउने,

२)	गाउँपालिकाको कार्यक्षेत्र भित्र भैपरि आएको विशेष परिस्थितिमा तत्काल आवश्यक देखिएको कार्य गरि क्षति न्युनिकरण गर्ने,

३)	स्थानीय तहमा रहेका अत्यन्त विपन्न पीडित तथा रोगीहरु, दुर्घटनामा परि अंगभंग हुनेहरुलाई तत्काल राहत उपलब्ध गराउने,

## परिच्छेद ३
## कोष स्थापना

७.	कोष स्थापनाः

(१) विपन्न असहाय कोष नाम गरेको एक कोष वा वार्षिक रुपमा कार्यक्रमको रुपमा कोषको स्थापना हुनेछ ।

२) यस कोषको नाम सरुमारानी गाउँपालिका विपन्न असहाय कोष रहने छ ।

८. कोषमा जम्मा हुने रकमः (१) गाउँसभाबाट विपन्न आर्थिक सहायता कोषका लागि वार्षिक रुपमा विनियोजन हुने रकम,

२) दातृ निकाय, गैर सरकारी संस्था, संघीय सरकार, प्रदेश सरकार, अन्य स्रोतहरुबाट कोषलाई प्राप्त हुने रकम,

## परिच्छेद ४
## कोषको रकम परिचालन सम्बन्धी व्यवस्था

९. कोषबाट खर्च हुने क्षेत्रः (१) कोषबाट प्राकृतिक विपद्बाट भएका धनजनको क्षती र विरामी भएका विपन्न सदस्यको उपचार खर्चको लागि आर्थिक सहयोग उपलब्ध गराउन सक्नेछ ।

२) यसरी सहयोग उपलब्ध गराउदा क्षतिको अवस्था हेरेर रु. ५०००।— देखी रु. २५०००।— सम्म रकम उपलब्ध गराउन सकिनेछ ।

१०. सहयोग माग गर्दा पेश गर्नुपर्ने कागजातः (१) गाउँ कार्यपालिकाको कार्यालयमा दफा ९ बमोजिमको आर्थिक सहयोग प्राप्त गर्न यसै दफाको उपदफा (२) बमोजिमका कागजातहरु पेश गर्नुपर्नेछ ।

२) प्राकृतिक विपद्बाट धनजनको क्षती सन्दर्भमा पेश गर्नुपर्ने कागजातहरु

क) निवेदन

ख) सम्बन्धीत वडा कार्यालयको सिफारिश

ग) सम्बन्धीत प्रहरी चौकीको स्थलगत सर्जमिन मुचुल्का, प्रतिवेदन

घ) क्षतीको फोटो

ङ) आवश्यक भएमा क्षतीको प्राविधिक मूल्याङ्कन

च) विपन्नताको हकमा सम्बन्धीत वडा कार्यालयको विपन्नता प्रमाणित सिफारिश पत्र

छ) अन्य आवश्यक प्रमाणहरु

११. आर्थिक सहयोगको निर्णयः (१) दफा १० बमोजिम प्रकृया पुरा गरी सहयोग माग भएमा आवस्यकता र औचित्यताको आधारमा गाउँपालिका अध्यक्षले प्रमुख प्रशासकीय अधिकृतलाई आदेश गर्न सक्नेछ ।

२) उपदफा (१) बमोजिम गरिएको भुक्तानि त्यस पछिको कार्यपालिकाको बैठकबाट अनुमोदन गराउनु पर्नेछ ।

## परिच्छेद ५
## कोषको आर्थिक तथा प्रशासनिक व्यवस्था

१२. कोषको आर्थिक तथा प्रशासनिक व्यवस्थाः

(१) कोषको आर्थिक तथा प्रशासनिक व्यवस्थापन स्थानीय तहको आर्थिक प्रशासन सम्बन्धी प्रचलित कानुन बमोजिम हुनेछ ।

## परिच्छेद ६
## विविध

१३. विपन्न असहाय कोषको रकममा बृद्धि गर्न सक्नेः (१) गाउँपालिकाले गाउँसभाबाट स्वीकृत गराई आर्थिक सहायता कोषमा रहने रकममा आवश्यकता अनुसार बृद्धि गराउन सक्नेछ ।

१४. जाँच पास तथा फरफारक (१) कोष बाट खर्च भएको रकमको जाँच पास तथा फरफारक प्रचलित कानून बमोजिम हुनेछ ।

१५. कार्यविधिको संशोधनः (१) यस कार्यविधिलाई गाउँकार्यपालिकाले आवश्यक देखेमा संशोधन गर्नेछ ।

१६. बचाऊ र खारेजीः (१) यस कार्यविधिमा व्यवस्था भएका कुराहरुको हकमा यसै कार्यविधि बमोजिम हुनेछ र यस कार्यविधिमा उल्लेख नभएको व्यवस्थाको हकमा स्थानीय सरकार संचालन ऐन २०७४, स्थानीय तहको आर्थिक प्रशासन सम्बन्धी प्रचलित कानुन बमोजिम हुनेछ । ।

२) कुनै कारणबाट कोष संचालन हुन नसकेमा वा कोषको औचित्य नदेखेमा गाउँकार्यपालिकाले कोषलाई खारेज गर्न सक्नेछ ।

३) सरुमारानी गाउँपालिकाको विपन्न असहाय कोष व्यवस्थापन कोष कार्यविधि, २०७४ खारेज गरिएको छ ।

४) उपनियम (३) को कार्यविधि अनुसार भएको काम कारवाही यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

आज्ञाले
चिन्तामणि रेग्मी
प्रमुख प्रशासकीय अधिकृत
**प्रमाणिकरण मितिः २०७९/३/२२**